# त्रिपुरासुन्दरी गाउँपालिकाको वडा शिक्षा समिति गठन कार्यविधि, २०८१

**शिक्षा, युवा तथा खेलकुद शाखा,**

**त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ**

मिति: २०८१/११/०८

**प्रस्तावना:**

धादिङ जिल्ला त्रिपुरासुन्दरी गाउँपालिकामा सञ्चालित विद्यालयहरुको शैक्षिक अवस्थाको अनुगमन तथा सुधार गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम वडा शिक्षा समिति गठन कार्यविधि २०८१ रहेको छ।

२) यो कार्यविधि त्रिपुरासुन्दरी गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुने छ।

**२. परिभाषा :**

(१) "वडा शिक्षा समिति" भन्नाले यस कार्यविधि को दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

(२) "गाउँ शिक्षा समिति" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(३) "कार्यपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(४) "वडा समिति" भन्नाले सम्बन्धित वडामा गठित वडा समितिलाई सम्झनु पर्दछ।

**३. वडा शिक्षा समिति सम्बन्धि व्यवस्था** : (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिले मनोनित गरेको सम्बन्धित वडाको महिला सदस्य १ जना - सदस्य

(ग) सामुदायिक वा संस्थागत विद्यालयका १ जना वरिष्ठ प्रधानाध्यापक र १ जना महिला शिक्षक गरी वडा शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

(घ) सम्बन्धित वडाका शिक्षा प्रेमि एवम् बुद्धिजीवी हरुमध्ये बाट वडा समितिले मनोनित गरेका १ जना महिला सहित २ जना - सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव एक जना - सदस्य सचिव

(छ) वडा शिक्षा समितिको अध्यक्षले मनोनित गरेको शिक्षक एक जना - सदस्य

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम् हुनेछ:

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने।

(ख) वडा क्षेत्र भित्र सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्था गर्ने।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र उत्प्रेरित गर्ने।

(घ) विद्यालयका लागि आवश्यक श्रोतसाधन जुटाउने र परिचालन गर्ने।

(ङ) अभिभावक र शिक्षक विच समन्वय गर्ने गराउने।

(च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने।

(छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तथा थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने।

(ज) वडाको शैक्षिक गुणस्तर अभिबृदिका लागि आवश्यक कार्यहरु गर्ने।

(झ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने।

(ञ) वडा भित्रका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनमा समन्वय र सहजीकरण गर्ने।

(ट) विद्यालयलाई बालमैत्री बनाई बालमैत्री वडा निर्माणमा सहयोग पुर्याउने।

(ठ) वडामा पुस्तकालय स्थापना र सञ्चालन गरी अनौपचारिक तथा निरन्तर सिकाईका अवसर प्रदान गर्न वडा समितिलाई सिफारिस गर्ने।

(ड) सामुदायिक सिकाई केन्द्र सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने।

(ढ) संस्थागत विद्यालयले नियमानुसार वितरण गर्ने छात्रवृत्तिको अनुगमन तथा नियमन गर्ने।

(ण) एक वडा एक नमुना विद्यालयको अवधारणा अनुसार नमुना विद्यालय विकास सम्बन्धि कार्य गर्ने।

(त) वडा भित्रका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुलाई पुरस्कृत गर्न वडा समितिमा सिफारिस गर्ने।

(थ) वडा भित्रका शिक्षकहरुलाई प्रोत्साहन र नसिहतको लागि गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने।

(द) गाउँ शिक्षा समिति तथा वडा समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

(३) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन कार्यविधि आफैले निर्धारण गर्ने छ।

(४) कम्तिमा ३ महिनामा एकचोटी अनिवार्य रुपमा वडा शिक्षा समितिको बैठक बस्नु पर्नेछ। आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।

(५) वडा शिक्षा समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।

**४. बाधा अड्काउ फुकाउ अधिकार:** यस कार्यविधिमा भएका प्रावधान थपघट गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

प्रमाणिकरण
मिति: २०७९।११।०४